www.kapilvastumun.gov.np

# कपिलवस्तु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तौलिहवा कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल।

फोन ०७६-५६०३०५/५६०२०१
फ्याक्स ०७६-५६००१९

पत्र संख्या : २०७८/०७९/रा.तथा आ.प्र.शाखा
चलानी नम्बर ३४३५

मिति : २०७९/०२/३१

**बिषय : बजेट सिलिङ्ग तथा मार्गदर्शन सम्बन्धमा ।**

श्री वडा कार्यालय सवै

कपिलवस्तु नगरपालिका (वडा नं १ देखि १२)

उपर्युक्त सम्बन्धमा कपिलवस्तु नगरपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका निर्णयानूसार आर्थिक बर्ष २०७९।०८० का लागि कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा वडा स्तरीय योजना छनौटका लागि वडा स्तरीय बजेट सिलिङ्ग तथा योजना छनौटको मार्गदर्शन यसै साथ पठाईएको छ । २०७९ असाढ ५ गते भित्र कार्यक्रम तथा योजना छनौट गरि पठाई दिनु हुन अनुरोध छ ।

**बोधार्थ**

श्री सूचना तथा प्रविधि इकाई : नगरपालिकाको वेभसाइट तथा वडाको मेलमा अपलोड गरि दिनु हुन ।

२०७९।२।३१

(शेषकान्त पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

## आ.व. २०७९।०८० का लागि वडा स्तरीय सिलिङ्ग र योजना छनौट तथा प्राथमिकिरण लागि मार्गदर्शन

क) वडा स्तरीय आयोजनाहरुको लागि ८५ पचासी लाखमा नबढने गरि कार्यक्रम तथा आयोजना छनौट गर्ने ।

ख) आ.व. २०७९/०८० को वडा स्तरीय योजना छनौट तथा प्राथमिकिरण लागि मार्गदर्शन

१। योजना छनौट तथा प्राथमिकिरणका लागि वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई टोलरबस्तीका योजनाहरु तर्जुमा प्रकृयामा सहजीकरण गर्ने।

२। योजना तर्जुमा वैठक गर्दा वडामा रहेका बुद्धिजिवी, महिला, दलित, जेष्ठ नागरिक, अपागंता भएका ब्यक्तिहरु, युवा, टोल विकास संस्था, सामुदायिक संस्था, किसान, नागरिक समाज आदिको प्रत्यक्ष प्रतिनिधित्व र अर्थपूर्ण सहभिगाता वडा भित्रका वस्ती र टोलहरुमा योजना तर्जुमाका लागि वैठक हुने दिन, मिति र समय तालिका कम्तीमा तीन दिन अगावै सार्वजनिक सूचना जारी गर्नु पर्नेछ

३। योजनाका सूचीलाई संलग्न अनुसूचीको ढाँचामा सूचीकृत गर्ने । योजनाको छनौट गर्दा वडा स्तरवाट कार्यान्वियन हुने योजनाको हकमा वडाको लागि प्राप्त बजेटको सिमा भित्र रही योजनाहरुको छनौट र प्राथमिकता गर्नु पर्नेछ।

४। योजना छनौट गर्दा अधिक जनसहभागिता जुट्ने, गरिबि निवारणमा प्रत्यक्ष सहयोग पुऱ्याउने, उत्पादनमुलक र छिटो प्रतिफल दिने,लैङ्गिक समानता,सामाजिक समावेशिकरणको अभिबृद्धि हुने,स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने,रोजगारी सृजना गर्ने, दिगो विकास र वातावरण संरक्षण एंवम् राजश्व वृद्धिमा सहयोग पुऱ्याउने प्रकृतिका योजनाहरु छनौट गर्नु पर्नेछ।

५। योजनाको सूचीलाई औचित्य र आवश्यकताको आधारमा, अनुमानित लागत, जनसहभागिता, योजनाले दिने प्रतिफल आदिलाई मध्यनजर गरी निम्नानुसार प्राथमिकीकरण गर्नु पर्नेछ।

- योजना छनौट गर्दा सालवसाली रुपमा सम्पन्न गर्न सक्ने योजना छनौट गर्नुपर्नेछ।
- दुई वा दुई भन्दा बढी वडाहरु जोड्ने वा वडाका जनताहरु प्रत्यक्ष लाभान्वित् हुने योजनाको छनोटमा प्राथमिकता दिनुपर्नेछ।
- नगरस्तरीय योजनाहरुको विषयगत क्षेत्र अनुसारछुट्टाछुट्टै सूची तयार गर्ने
- प्रदेश सरकार सँग माग गर्ने योजना विषयगत क्षेत्र अनुसार सूची तयार गर्नु पर्नेछ।
- संघीय सरकार सँग माग गर्ने योजना विषयगत क्षेत्र अनुसार सूची तयार गर्ने र छुट्टाछुट्टै पेश गर्नु पर्नेछ।

६। विशेष परिस्थिति सिर्जना भई तुरन्तै गर्नु पर्ने स-साना पूर्वाधार आयोजनाहरुलाई सम्वोधन गर्न मर्मत संभारमा अधिकतम रु २ लाख मात्र बजेट प्रस्ताव गर्न सक्ने र पूर्वाधर तथा अन्य योजना तथा कार्यक्रमका हकमा बिषयगत क्षेत्र तोकि कार्यक्रम एकिन गरि पठाउने ।

७। वडागत बजेट सिमा भित्र रही योजना प्रस्तावित गर्दा देहायका ढाँचामा भरी तोकिएको समय सिमा भित्र Soft copy र Hard copy मा नगरपालिकामा पेश गर्नपर्नेछ। साथै नगर स्तरीय बजेट वाट छनोटका लागि प्रस्ताव हुने योजनाका यसै ढाँचामा प्रस्ताव गर्नुपर्नेछ।

| | | | | |
|---|---|---|---|---|
| | | प्रस्तावित बजेट | | |

प्रमुख प्रशासकीय अधिकृत

| सि.न. | योजनाको नाम, स्थान | नपा / वडा | लागत सहभागिता | जम्मा बजेट | प्राथमिकताक्रम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

- प्रत्येक योजनाहरुलाई पहिलो प्राथमिकता (P1), दोस्रो प्राथमिकता(P2), तेस्रो प्राथमिकता (P3) मा बर्गिकरण गरी छुट्टाछुट्टै भर्नुपर्नेछ।
- योजनार कार्यक्रमलाई P1, P2, P3मा बर्गिकरण गर्दा वडागत प्रस्तावित बजेट सिमालाई शत प्रतिशत मानेर पहिलो प्राथमिकता (P1) का योजनामा ७० प्रतिशत, दोस्रो प्राथमिकता (P2) का योजनामा २० प्रतिशत र तेस्रो प्राथमिकता (P3) का योजनामा १० प्रतिशत बजेट रकम भित्र रही योजना र कार्यक्रम छनोट एंवम् प्रस्ताव गर्नुपर्नेछ । प्राथमिकिकरण निर्धारण गर्दा कुल प्राप्ताङकको ७५ वा सो भन्दा वढी अंक प्राप्त भएमा पहिलो प्राथमिकता (P1) र ७५ भन्दा कम अंक प्राप्त भएमा दोस्रो प्राथमिकता (P2) मा र तेस्रो प्राथमिकता (P3) मा समावेश गर्नु पर्नेछ । तथापि ७५ अंक भन्दा वढी आएता पनि सिमा प्रतिशतलाई नाघ्न पाइने छैन।
- माथि उल्लेखित सिमा प्रत्येक विषयगत क्षेत्रमा अवलम्वन गर्नुपर्नेछ । कुनै एउटा विषयगत क्षेत्रलाई मात्र एउटै प्राथमितामा राख्न पाइने छैन।

८। योजना सूची तयार गर्दा देहाय बमोजिमको विषयगत क्षेत्र भित्र तोकिएको सीमा भित्र रहेर गर्नु पर्नेछ।

**विषयगत क्षेत्र तालिका**

| विषयगत | प्रतिशत | क्षेत्रहरु |
|---|---|---|
| आर्थिक विकास | १५ | कृषि, पशु, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय |
| सामाजिक विकास | १५ | शिक्षा(शैक्षिक संस्थाहरुको गुणस्तर बृद्धि गर्न शैक्षिक पूर्वाधारहरुको व्यवस्थापन) स्वास्थ्य(स्वास्थ्य संस्थाहरुमा औषधी तथा उपकरणको व्यवस्थापन र जनस्वास्थ्य प्रवर्धका लागि महिला स्वंयसेविकाको परिचालन) खानेपानी तथा सरसफाई, संस्कृति प्रर्बधन, लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला,बालबालिका,जेष्ठ नागरिक, अपाङ्गताभएका व्यक्ति, दलित, आदिवासीजनजाती,मधेशी, मुस्लिम, थारु र अल्पसंख्यक आदी सशक्तिकरणका कार्यक्रम,बालमैत्री स्थानीय शासन, खेल सामाग्री,खेलमैदानको संरक्षण |
| पूर्वाधार विकास | ६२ | सडक तथा पूल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा,बैकल्पिक उर्जा |
| वन, वातावरण तथाविपद् व्यवस्थापन | ०४ | वन तथा भूसंरक्षण, जलाधार संरक्षण,जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन,बृक्षारोपण,हरियाली प्रवर्धन,वडा स्तरमा आगलागि जस्ता गतिविधिहरुको नियन्त्रणका लागि सामाग्रीहरुको व्यवस्थापन |
| सूशासन तथा संस्थागत विकास | ०४ | राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, संस्थागत क्षमता विकास, विधुतीय सूचना प्रविधिको प्रयोग जस्ता क्षेत्रहरु समावेश गन |

प्रमुख प्रशासकीय अधिकृत

९। स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानिय सम्पादन गर्नु पर्ने देहायका कार्यहरुलाइ बजेट विनियोजन गरेपछि मात्र अन्य कार्यक्रममा बजेट विनियोजन गर्नु पर्ने नीतिलाई वडा तहको बजेट विनियोजनमा पनि प्राथमिकताका साथ कार्यान्वयन गर्नु पर्ने छ।

- आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्य
- आधारभुत स्वास्थ्य र सरसफाई सम्बन्धी कार्य
- कृषि तथा पशुपालन,कृषि उत्पादन,व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्य
- कृषि प्रसारको व्यवस्थापन, संचालन र नियमन सम्बन्धी कार्य
- स्थानीय खानेपानी सम्बन्धी नीति, योजना, कार्यान्वयन र नियमन एवं खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य
- स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणालिको संचालन र मर्मत संभार सम्बन्धी कार्य
- स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन सम्बन्धी कार्य
- सामुदायिक भू संरक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य
- खेलकुद विकास र प्रवर्धन सम्बन्धी कार्य
- स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्य

१०। कुनै संघ सस्था वा व्यक्तिलाई अनुदान, चन्दा, आर्थिक सहायता वा पुरस्कारको नाममा रकम बाँडफाड गर्न नपाइने तथा विविध र भैपरि आउने र अवण्डा शिर्षकमा प्रस्ताव गर्न पाइने छैन।

११। अध्ययन भ्रमण,बैदेशिक भ्रमण र अन्य प्रशासनिक खर्चको लागि कार्यक्रम प्रस्ताव गर्न पाइने छैन ।

१२। वडा तहका कर्मचारीहरुको क्षमता विकास, जनप्रतिनिधिहरुको लागि नियम विपरितका सामाग्री र सुविधा प्राप्त गर्ने खालका योजना तथा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन ।

१३। योजना छनौट तथा प्राथमिकिकरण गर्दा सम्भव भए सम्म पूर्व सम्भाव्यता अध्ययन,सम्भाव्यता अध्ययन,लागत अनुमान र लाभ लागत विश्लेषण गरि गर्नु पर्नेछ।

१४। योजना छनौट गर्दा सकभर धेरै बस्तीहरुलाई लाभ दिने खालका योजना वा छिमेकका वडाहरुको समेत लागत सहभागिता हुन सक्ने योजनालाई प्राथमिकता दिनु पर्नेछ।

१५। लक्षित वर्गहरुको हितमा आय आर्जन हुने तत्काल प्रतिफल दिने र पूर्वाधार क्षेत्रमा लगानि हुने गरी वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

१६। सामाजिक एवं आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मुल प्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान एवं मुल प्रवाहिकरणमा योगदान पुर्याउने कार्यक्रम तथा योजनालाई प्राथमिकता दिने ।

१७। कोभिड-१९ का कारण नेपाल तथा बिदेशबाट रोजगारी गुमाएका नेपाली नागरिकहरुको रोजगारी सृजना हुने किसिमका कार्यक्रम तथा योजनालाई प्राथमिकता दिने

१८। आधारभुत खानेपानी सेवामा सवै नागरिकको पहुंच एवं गुणस्तर बृद्धिका लागि प्राथमिकता दिने ।

१९। आयोजना छनौट गर्दा भैरहेको सडकको स्तरोन्नती तथा कम श्रोतमा संचालन गर्न सकिने सडक आयोजनालाई प्राथमिकता दिई नयां ट्रयाक खोल्ने कार्यलाई शुन्य प्राथमिकता दिने ।

२०। सचेतना, सशक्तिकरण तथा शिपमुलकजस्ता कार्यक्रम तर्जुमा गर्दा लक्षित समुदायको जीवन स्तरमा गुणात्मक परिवर्तन ल्याउने कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

२१। लक्षित वर्गका लागि संचालन हुने योजना सूची तयार गर्दा बढीमा ३० प्रतिशत सम्म आय मुलक तालिम, सीप विकास तालिम, सचेतीकरण प्रकृतिका कार्यक्रमहरु तथा कम्तिमा ७० प्रतिशत कार्यक्रम भौतिक पूर्वाधारजन्य योजना वा औजारर उपकरणमा गर्नु पर्नेछ।

२२। नगर सभाबाट स्वीकृत भएको बजेट तथा कार्यक्रम बिनियोजन ऐनका रुपमा रहने र ती योजनाहरुलाई नगर सभाबाट मात्र संसोधन वा परिमार्जन गर्न सकिने कानुनी प्रावधान भएकोले उपभोक्ताबाट प्राप्त हुने मागको गम्भिरतालाई ध्यान राखेर संसोधन गर्नु नपर्ने गरी योजना छनौट तथा प्रस्ताव गर्नु पर्नेछ।

२३। आर्थिक रुपले विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरि संचालन गर्न सकिने योजनाहरुलाई प्राथमिकता दिने

२४। कृषिको व्यवसायिकरण, कृषि यान्त्रिकरण तथा आधुनिकीकरण गरि मल, विउ विजनको सहज आपूर्ति, पशुपालन लाई प्रोत्साहन गर्दै कृषि विकास तथा पशु विकास कार्यकम तर्फ वितरणमुखि कियाकलापलाई निरुत्साहित गर्दै जाने र अति आवश्यक कियाकलापहरुमा ५० प्रतिशत उपभोक्ता समेतको लागत सहभागिता हुने खालका कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने छ।

२५। आथिक विकास र गरिवी निवारणका लागि सहकारी क्षेत्रलाई उद्दमशिलता,उत्पादन र रोजगारी प्रवर्धनको क्षेत्रमा परिचालन गर्न आवश्यक बजेट विनियोजन गर्ने।

२६। वडाको दैनिक कार्य संचालनका लागि अति आवश्यक पर्ने प्रविधि सम्बन्धी (कम्प्युटर प्रिन्टर, बेट्री व्याकअप तथा फर्निचरका) कार्यका लागि बजेट विनियोजन गर्ने तथा वडा स्तरमा सार्वजनिक सुनुवाई तथा वित्तिय सुशासन लाइ बढाव दिने कियाकलापका लागि सूशासन तथा संस्थागत विकास तर्फ बजेट प्रस्ताव गर्ने।

२७। संघिय सरकार, प्रदेश सरकार तथा अन्य तहबाट वडातहमा स्वीकृत लागत सहभागिता संचालन हुने आयोजनाहरुको लागि वडा तहबाटै समपुरक कोषको बजेट विनियोजन गर्नु पर्ने छ।

२८। यातायात पूर्वाधारका क्षेत्रमा बजेट विनियोजन गर्दा नगरपालिकाको यातायात गुरुयोजना (MTMP)ले निर्दिष्ट गरेका आयोजनाहरुलाई प्राथमिकताका साथ छनौट गर्ने।

२९। स्थानीय स्तरबाटै नगर विकासका गतिविधिलाई सहभागितामुलक बनाउन स्थानीय स्तरमा टोल विकास संस्थाको गठन परिचालन मार्फत स्थानीय स्तरमा गरिने विभिन्न गतिविधि जस्तै : सरसफाई,वातावरणीय सुधार,आन्तरिक श्रोतको परिचालन, सार्वजनिक सम्पत्तिको संरक्षण जस्ता कियाकलापका लागि बजेट विनियोजन गर्ने।

३०। वडास्तरबाट प्रस्ताव भएका कुनै बिषयगत क्षेत्रमा तोकिएको प्रतिशत भन्दा कम हुन गएमा अन्य बिषयगत क्षेत्रमा पनि प्रस्ताव गर्न सकिने छ।

३१। वडागत प्रस्तावित बजेट सिमा भन्दा वढीका योजना र कार्यक्रमलाई आयोजना बैङ्क (Project Bank) मा समावेश गर्ने प्रयोजनका लगि निम्म ढाँचामा भरी पठाउनु पर्नेछ।

| सिना | कार्यक्रम /योजना, स्थान | अनुमानित लागत | लाभान्वित हुनेजनसंख्या | अन्तर क्षेत्र लागत सहभागिता | स्थानिय लागत सहभागिता |
|---|---|---|---|---|---|
| | | | | | |

प्रमुख प्रशासकीय अधिकृत